# शोध प्रबन्धको सार

मान्छेले सामाजिक रूपमा आफूलाई स्थापित गर्नुभन्दा पूर्वकालदेखि नै मानवीय स्वभावमा आपराधिक मानसिकता निहित रहेको कुरा अपराधशास्त्रीहरूले गरेका छन्। अपराधले मानवीय समाजलाई मानसिक र शारीरिक रूपमा प्रभावित गर्छ र मानवतालाई नै क्षतिग्रस्त पार्छ। सामाजिक नियमको उल्लङ्घन, धार्मिक दृष्टिबाट गर्न नहुने आचरण, कानुनद्वारा वञ्चित गरिएको कार्य गर्नुलाई अपराध भनिएको छ।

अपराध तत्सम शब्द हो। यसको शाब्दिक अर्थ लोकहित विरुद्धको काम गर्नु भन्ने हुन्छ। पूर्वीय धार्मिक शास्त्रहरूले धर्मको विरुद्ध कामलाई अपराध मानेका छन् भने यस्तो कार्य गर्ने व्यक्तिलाई अपराधीको संज्ञा दिइएको छ। साधारण रूपमा सामाजिक नीति नियम विरुद्ध काम गर्नु नै अपराध हो। प्रत्येक समाजमा केही न केही आपराधिक घटनाहरू भइरहन्छन्। आपराधिक कृत्यहरू कानुनको उलङ्घन गरेर गरेको भेटियो भने त्यसलाई कानुनी अपराध मान्दै दण्ड दिने कार्य न्यायपालिकाले गर्छ। वर्णव्यवस्थामा आधारित जात-भात छुट्ट्याउने जस्ता सामाजिक नियमको उल्लङ्घन गर्दैमा कोही पनि व्यक्ति अपराधी भइहाल्दैन। अन्तर्जातीय विवाह भारतीय सवर्ण समाजमा अपराध हुन सक्छ तर यो कानुनी अपराध होइन। यसरी अपराध विषयक शोध  एउटा जटिल कार्य हो एवम् यो कार्य चुनौतीपूर्ण रहेको कुरा हो भन्ने यससँग सम्बन्धित शोधकर्ताहरूको भनाइ पनि रहेको छ। अपराध आफैमा एउटा जटिल शब्द हो जसको अर्थ र स्वरूप देश, समाज र विभिन्न परिप्रेक्ष्यमा आ-आफ्नै हुन सक्ने कुरा अपराधशास्त्रीहरूको रहेको छ।

मानव समाजमा परापूर्वकालदेखि विद्यमान रहेको अपराधलाई  साहित्यले पनि समावेश गर्दै समाजमा हुने साहित्यिक घटनाहरूको वर्णन चित्रण गर्दै आएको देखिन्छ। साहित्यले अपराधका विभिन्न स्वरूपको सामाजिक विश्लेषण गरेर यसबाट मानवीय समाजलाई हुने क्षतिलाई प्रत्यक्ष परोक्ष रूपमा समाजलाई सचेत गर्दै आइरहेको छ। साहित्यले अपराधको अमानवीय स्वरूपको चित्रण गरेर मानवीय चेतनामा अपराधप्रति घृणा र विरोध भाव उत्पन्न गराउने उद्देश्य राखेको देखिन्छ। नेपाली साहित्यमा पनि नेपाली समाजमा विद्यमान आपराधिक वृत्तिहरुलाई आधार गरेर यसप्रकारको साहित्य लेखिएको पाइन्छ।

आपराधिक विषयवस्तुलाई चित्रण गर्नु विशेष गरी आख्यानमा सहज हुने भएकाले नेपाली साहित्यमा अपराध चित्रण उपन्यास विधामा अधिक रहेको देखिन्छ। अपराध वर्णन र चित्रणको दृष्टिकोणबाट अवलम्बन गर्दा भीम दाहालका उपन्यासहरू अपराधवृत्तिको आधिकारिक कथावस्तुमा आधारित रहेको देखिन्छ। यसरी अपराधमा आधारित भीम दाहालका उपन्यासहरूको अध्ययन गर्ने उद्देश्य राखेर प्रस्तुत शोध प्रबन्धको शीर्षक **भीम दाहालका उपन्यासमा पाइने अपराधवृत्तिको विश्लेषण** राखिएको छ।

प्रस्तुत शोधप्रबन्धमा भीम दाहालका तीनवटा उपन्यासहरूको अध्ययन गरिएको छ। यी उपन्यासहरूको अध्ययन गर्दा तीनैवटा उपन्यास अपराधवृत्तिमा आधारित उपन्यास हुन् भन्न सकिन्छ। आपराधिक विषयको चित्रण उनका उपन्यासहरूको एउटा प्रमुख विशेषता हो भन्ने आधारहरू उपन्यासमा प्रशस्त पाइन्छन्। सामाजिक जीवनका विविध क्रियाकलापहरूमा अपराध एउटा अभिन्न अङ्ग जस्तै भएको देखिन्छ। यसै अपराधवृत्तिका आधारमा उनका औपन्यासिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन हुनु आवश्यक मानिएर प्रस्तुत शोधकार्य गरिएको हो। उनका तीनैवटा उपन्यासहरूमा घटनाहरू अपराधवृत्तिसित जोडिएर बसेका देखिन्छन्।

यस शोध प्रबन्धमा **शोध परिचय** शीर्षक रहेको पहिलो अध्यायमा शोधकार्यको परिचय राखिएको छ। यस अध्यायमा शोधचप्रबन्धको शीर्षक, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको आवश्यकता र औचित्य, शोधविधि, शोधकार्यको क्षेत्र र सीमा, शोधप्रबन्धको साङ्गठिक रूपरेखा र भावी शोधकर्तालाई सुझाउ जस्ता नौवटा उपशीर्षकहरू राखिएका छन्।

**भीम दाहालको व्यक्तित्व र कृतित्व** शीर्षक रहेको दोस्रो अध्यायमा भीम दाहालको व्यक्तित्व, भीम दाहालको जन्म, शिक्षा र व्यवसाय, राजनीतिक जीवन, उनको साहित्यिक व्यक्तित्व अन्तर्गत उपन्यासकारका रूपमा, कथाकारका रूपमा, कविका रूपमा र अन्य विविध लेखादिका लेखक र सम्पादकका रूपमा उनको चर्चा गरिएको छ। यसै अध्यायमा सिक्किमेली नेपाली उपन्यासको परम्परा र विकास, सिक्किमेली नेपाली उपन्यासको विकासमा भीम दाहालको योगदान एवम् भीम दाहालका उपन्यासहरूको तात्त्विक विश्लेषण र मूल्याङ्कन गर्दै अन्तमा यस अध्यायको निष्कर्ष राखिएको छ। विषयसित सम्बन्धित यस अध्यायबाट प्राप्त भएका तथ्याङ्कहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ-

- उनको साहित्यिक रुचि प्रगतिवादी-अस्तित्ववादी धाराका साहित्यकारहरूका कृतिहरूको अध्ययन गर्नु रहेको पाइन्छ। उनी यसै धारा विशेषका कृतिहरूको बढी अध्ययन गर्ने व्यक्ति भएकाले यी लेखक साहित्यकारहरूको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव उनका प्राय: कृतिहरूमा पर्न गएको पाइन्छ।
- आफ्नो पहिलो कविता ई सं १९६९ तिरै प्रकाशित भएको भए पनि पुस्तकाकारमा उनको सर्वप्रथम कृति ई सं १९९२ सालमा मात्र प्रकाशित भयो। आफ्नो पहिलो पुस्तक प्रकाशन हुनअघि पनि भीम दाहालले सिक्किमबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा आफ्नो सृजनात्मक लेख, रचना आदि प्रकाशित गर्दै आएका थिए।
- दाहाल साहित्यसँगै राजनीतिमा पनि सक्रिय भएर कार्य गर्न सफल भएका व्यक्तित्व हुन्। एस डी एफ पार्टीमा सामेल भएपछि सोही पार्टीको टिकटमा ई सं १९९४ देखि २००४ सालसम्म तीनपटक भारतको तल्लो सदन लोकसभाका सदस्यका रूपमा निर्वाचित भएर उनले सिक्किमको प्रतिनिधित्व गरेको पाइन्छ।
- सिक्किमेली ग्रामीण र नागर समाजको परिवेशमा कथावस्तुको निर्माण गरिएको अभीष्टको खोज उपन्यासमा भारतमा सिक्किमको विलयकाल पूर्व र विलयकाल उत्तरको स्थितिलाई चित्रण गरिएको छ।
- ई सं २००२ मा प्रकाशित र २००६ मा भारतीय साहित्य अकादमीद्वारा पुरस्कृत भीम दाहालको दोस्रो उपन्यास द्रोहमा सिक्किम, दार्जिलिङ र पूर्वी नेपालको हडिया बुधबारेसम्मको परिवेशलाई समेटिएको देखिन्छ। गाँस, बास र कपासका निम्ति मात्र नभएर स्वअस्तित्वका लागि पनि लड्नु पर्ने नेपालीभाषी जनजीवनको चित्रण यस उपन्यासमा भएको छ। सामाजिक, आर्थिक र राजनैतिक रूपमा शोषित भएका, सिक्किमको रिधाङ बोजेक क्षेत्रका मानिसहरूको जीवन र समाजिक वृत्तलाई लिएर नै द्रोह उपन्यासको परिवेश निर्माण गरिएको छ।
- भीम दाहालको तेस्रो औपन्यासिक कृति विद्रोहमा पनि सिक्किमेली सामाजिक, राजनीतिक परिदृश्यहरूलाई समेटिएको छ। अभीष्टको खोजबाट थालिएको उनको उपन्यास यात्रा विद्रोहसम्म आइपुग्दा उनको लेखनमा समाजवादी यथार्थवादी धारणा तिक्खर भएको पाइन्छ। भाग्य र ईश्वरमा

आश्रित नभएर मानिस कर्मवादमा बाँच्नुपर्ने सन्देश दिएकाले उक्त उपन्यासको कथावस्तु मार्क्सवादी दर्शनमा आधारित छ भन्ने कुरा प्रस्ट हुन्छ।

शोध प्रबन्धमा रहेको तेस्रो अध्यायको शीर्षक **अपराधको सैद्धान्तिक अवधारणा** रहेको छ एवम् यो अध्याय शोधकार्यको सैद्धान्तिक आधारसँग सम्बन्धित छ। यो शोधकार्य भीम दाहालका उपन्यासहरूमा पाइने अपराधवृत्तिको अध्ययनमा आधारित रहेको हुनाले यस अध्यायमा अपराधको स्वरूपगत अवधारणाबारे चर्चा गरिएको छ। विभिन्न शब्दकोश र इन्साइक्लोपिडियाहरूले दिएका अपराध र अपराध विज्ञानको  अर्थ र परिभाषा एवम् अपराध शास्त्री तथा यस विषयका अध्येताहरूले अपराधबारे दिएका परिभाषा र विचारका आधारमा अपराधवृत्तिलाई बुझ्ने प्रयास गरिएको छ। यस अध्यायमा अपराधको  कारण, अपराधका प्रकार र अपराध विज्ञान अध्ययनका विभिन्न सम्प्रदायहरूबारे पनि चर्चा गरिएको छ। अपराध समाजको देन हुनाले समाज र अपराधको सम्बन्धबारे यसमा सङ्क्षिप्तमा चर्चा गरिएको छ।  यसै अध्यायमा अपराधलाई विवेचना गरिने धारणाहरू, भारतीय पेनल कोडका आधारमा अपराध, अपराध सम्बन्धी अध्ययन-चिन्तनको सिद्धान्त, सम्प्रदाय र व्याख्या, दण्ड सम्बन्धी सिद्धान्त, क्षतिग्रस्त व्यक्ति वा पीडित पक्षको वर्गीकरण जस्ता उपशीर्षकहरू राखेर अपराधको सैद्धान्तिक अवधारणाबारे चर्चा गरिएको छ। विषयसित सम्बन्धित यस अध्यायबाट प्राप्त भएका तथ्याङ्कहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ-

- अपराध मानव व्यवहारको अंश हो। मान्छेको अस्तित्वसँग अपराधको अस्तित्व पनि गाँसिएको छ। अपराध सामाजिक समस्या पनि हो। संसारमा मान्छेको अस्तित्व रहुन्जेल अपराध पनि रहिरहन्छ तर यसको स्वरूप र प्रकृतिमा भने परिवर्तन हुन्छ।
- अपराधको अवधारणा सम्बन्धी तीन प्रकारका मत रहेका छन्- सर्वसम्मत धारणा, सङ्घर्षवादी धारणा र अन्तर्क्रियावादी धारणा। तीनै प्रकारका मतले अपराधलाई सामाजिक समस्या र मानव व्यवहारको अङ्ग र अंशका रूपमा स्वीकार गरेका छन्।
- अपराधलाई सामान्य रूपमा मात्र होइन मनोवैज्ञानिक, कानुनी, सामाजिक र धार्मिक आधारमा परिभाषित गर्न सकिन्छ।

- अपराधशास्त्रका सैद्धान्तिक अवधारणा प्रस्तुत गर्ने, अपराध र अपराधीबारे अध्ययन गर्ने नौ प्रकारका सम्प्रदाय छन्। यी सबै सम्प्रदायलाई अपराधको पारम्परिक व्याख्या, अपराधको जीव वैज्ञानिक व्याख्या, अपराधको आर्थिक व्याख्या र अपराधको सामाजिक व्याख्याका हाँगा मानिन्छ।
- अपराधलाई विविध सम्प्रदायको व्याख्याका आधारमा बाल अपराध, महिला अपराध, सङ्गठित अपराध, श्वेतवसन अपराध, पेसेवर अपराध, राजनैतिक अपराध, धार्मिक अपराध, सामाजिक अपराध आदि विविध वर्गीकरणका आधारमा व्याख्या गर्न सकिन्छ।

शोधप्रबन्धको चौथो अध्यायको रूपमा रहेको **भीम दाहालका उपन्यासमा पाइने अपराधवृत्तिको विश्लेषण** शीर्षक अन्तर्गत भीम दाहालका तीनवटा उपन्यासहरू **अभीष्टको खोज**, **द्रोह** र **विद्रोह**को अध्ययन गरिएको छ। यी उपन्यासहरूमा वर्णित आपराधिक विषयहरूलाई सैद्धान्तिक खाँचामा राखेर विषयको विश्लेषण गर्ने काम यस अध्यायमा भएको छ। यसमा राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक, यौनजन्य, श्वेतवसन, सङ्गठित, महिलाविरुद्ध अपराध आदि उपशीर्षकहरु दिएर शोधविषय वा भीम दाहालका उपन्यासहरूको विश्लेषण गरिएको छ। विषयसित सम्बन्धित यस अध्यायबाट प्राप्त भएका तथ्याङ्कहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ-

- भीम दाहालको प्रथम प्रकाशित उपन्यास अभीष्टको खोजमा धेरै आपराधिक घटनाहरू घटित भएका छन्। भीम दाहालले कहीँ कतै पनि यस उपन्यासलाई अपराधमा आधारित उपन्यास भनेर सङ्केत नगरे तापनि यस उपन्यासमा हत्या, हिंसा, शोषण, यौनहिंसा, भ्रूणहत्या, अनैतिक यौन सम्बन्ध जस्ता अपराधिक घटनाहरू उपन्यासभरि सर्वत्र भएकाले यसलाई अपराध आख्यानमा आधारित उपन्यासका रूपमा अध्ययन गर्न सकिन्छ।
- अभीष्टको खोज उपन्यासमा भारतमा सिक्किमको विलयपूर्व र विलयउत्तर दुवैतिरका राजनैतिक घटनालाई समेटेर यसको कथावस्तु निर्माण गरिएको छ। भारतमा विलयपूर्वको सिक्किमका राजनैतिक घटनाहरूलाई यस उपन्यासमा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ। ई सं १९७३ सालमा सिक्किममा भएका

राजनीतिक गतिविधि र आन्दोलन, आन्दोलनबाट प्राप्त भएको परिवर्तन, नेतृत्वको महत्त्वाकाङ्क्षा एवम् जनताका नैराश्य आदि विषयलाई यस उपन्यासमा आलोचनात्मक रूपले चर्चा र चित्रण गरिएको छ।

- अभीष्टको खोज उपन्यासमा राजनैतिक अपराधको दृष्टान्त हेर्दा तिनताकको सिक्किममा केवल सत्तामा रहेका केही व्यक्तिहरूका निम्ति तथाकथित प्रजातन्त्र स्वार्थसिद्धिको बाटो भएको तर गाउँ र गरिब जनताले राजतन्त्रकाल र प्रजातन्त्र कालमा केही पार्थक्य नदेखेको र उल्टो यो प्रजातन्त्रले त गाउँ गाउँमा नेता हुँ भनी हिँडने मानिसहरूको सङ्ख्या बढेर जनताले उल्टै झन कष्ट पाएको कुरा प्रस्तुत गरिएको छ।
- द्रोह उपन्यासमा वर्णव्यवस्थाको मार खप्ने समाजका तथाकथित तल्लो जातका मान्छेहरूलाई समाजले मात्र होइन कानुनका रक्षक पुलिस-प्रहरीले पनि अवहेलना गर्ने र हेपेर जातको नाममा होच्याएर बोल्ने प्रसङ्गहरू धेरै छन् जसलाई सामाजिक अपराध मान्न सकिन्छ।
- द्रोह उपन्यासमा धर्मको विरुद्ध गएर गरिएका धेरै औपन्यासिक घटनाहरूलाई समेट्न उपन्यासकार सफल भएका छन्। दृष्टान्तका निम्ति हेर्दा रोगले ग्रस्त एवम् अस्सी वर्ष पुगेका वृद्ध नागरिक लेखलाल भट्टराईको बाबुलाई राज्यको प्रशासनले विधायक विरुद्ध बोलेकै आरोपमा गृहबन्दी गरेको छ। एकजना वृद्ध एवम् रोगी नागरिकलाई कानुनी सहायता नदिई उल्टै गृहबन्दी गर्नु स्थापित धार्मिक नीति र नियमविरुद्धको प्रशासनिक कार्वाही मान्न सकिन्छ।
- विद्रोह उपन्यासले राजनीतिक अपराध वर्णन गर्ने क्रममा राजतन्त्रकालीन सिक्किममा काजी र ठिकादारहरूका चरित्रसित सुहाउँदो र तथ्यात्मक चित्रण गरेको देखिन्छ। राजतन्त्रकालीन सिक्किममा सामन्त, काजी र ठिकादारहरूले गाउँमा कर सङ्ग्रह गर्दा निजी कानुन चलाएर कानुनको विपरीत कार्य गरेको विवरण उपन्यासमा प्रशस्तै छन्।
- विद्रोह उपन्यासमा प्रत्यक्ष-परोक्ष रूपमा धार्मिक अपराध सम्बन्धी केही घटनाहरूको अन्तर्भावन भएको पाइन्छ। धार्मिक अपराध सम्बन्धी घटनाको दृष्टान्तका रूपमा थानवीर कटुवालको परिवारलाई त्यहाँको सरकारले गाउँबाट उच्छेदित गर्न दिएको निर्णयलाई लिन सकिन्छ। युगौँदेखि आफ्नो मातृभूमि सम्झेर बसेको ठाउँबाट दशनामी देशको सरकारले थानवीरहरूलाई मजदुरको नाम दिएर त्यहाँबाट उच्छेद गर्न गरेको षडयन्त्र धार्मिक साथै राजनैतिक अपराध हो।

- भीम दाहालका सबै उपन्यासहरू अपराधवृत्तिको चित्रण गर्न सफल देखिन्छन् एवम् अपराधको सैद्धान्तिक मान्यताअनुसार उनका उपन्यासहरूका आधिकारिक कथावस्तु नै पनि आपराधिक कृत्य र घटनाहरूमा आधारित छन्।

शोधप्रबन्धको पाँचौँ अध्यायका रूपमा रहेको **अपराध आख्यानका रूपमा दाहालका उपन्यासको मुल्याङ्कन** शीर्षक अन्तर्गत भीम दाहालका तीनवटा उपन्यासको मूल्याङ्कन अपराध आख्यानको कसीमा राखेर गरिएको छ। यस अध्यायमा अपराध आख्यानका सैद्धान्तिक मानदण्ड अपराधमूलक घटना, घटनाको रूप, घटनाको कारण र घटनाको परिणामका आधारमा विविध उपशीर्षक दिएर दाहालका उपन्यासहरूको विवेचना र मूल्याङ्कन गरिएको छ। विषयसित सम्बन्धित यस अध्यायबाट प्राप्त भएका तथ्याङ्कहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ-

- अपराध आख्यान आख्यानको छुट्टै उपविधा हो जसले मुख्यतः अपराधलाई, अपराध सम्बन्धी छानबिनलाई र अपराधीको मनस्थितिलाई आख्यानमा मुख्य कथावस्तु बनाएर प्रस्तुत गर्दछ। यो मुख्यधाराको आख्यानभन्दा छुट्टै उपविधाका रूपमा संसारका प्रायः सबै साहित्यमा लेखिँदै आएको देखिन्छ।
- अपराध आख्यानका धैरै हाँगा छन् जसमा जासुसी र छानबिन सम्बन्धी, हत्या सम्बन्धी, यौन हिंसा सम्बन्धी आख्यान प्रमुख रूपमा लेखिँदै आएको देखिन्छ। कुनै कुनै उपन्यासमा भने चारित्रिक मनोविकारको कारणले आपराधिक घटना भएको कुरालाई पनि प्रमुखता दिएर प्रस्तुत गरिएको देखिन्छ। अपराध आख्यानमा घटनालाई भन्दा चारित्रिक विशेषतालाई महत्त्वपूर्ण मानिएको देखिन्छ। विश्व साहित्यमा अपराध आख्यानसम्बन्धी आठवटा प्रमुख प्रभागहरू छन्।
- अपराध आख्यान सम्बन्धी घटनाहरूको वर्णन चित्रण गर्दै अभीष्टको खोज उपन्यासमा हत्या, बलात्कार, आत्महत्या, ठगी, घुसखोरी जस्ता विषयहरूलाई सफलतापूर्वक चित्रण गरिएकाले यसको कथावस्तु अपराधमा आधारित छ भन्न सकिन्छ।
- अभीष्टको खोज उपन्यासकी प्रमुख पात्र शान्ति मानसिक तनाउमा परी अपराधी हुन पुगेकी छ तर ऊ स्वभावले अपराधी भने होइन। निम्नवर्गीय परिवारबाट उठेर शिक्षा लिँदै नोकरीको खोजीमा गान्तोक पुगेपछि उसको चरित्रको निर्माण र विकास भएको देखिन्छ। ग्राम्य जीवनको सरल प्रवृत्ति भएकी शान्ति

गान्तोक सहरमा पुगेपछि छल, कपट, षडयन्त्रको सिकार भई बलात्कृत हुँदै गर्भवती हुन पुगेको अनि गर्भपतन गर्ने साहस गर्दै नेत्रप्रसादसित साटो फेर्ने क्रममा रुपियाँ लिएको जस्ता घटनाहरूले शान्तिलाई आपराधिक प्रवृत्ति विकसित भएको पात्रका रूपमा उपन्यासमा उभ्याइएको छ।

- अभीष्टको खोज उपन्यासमा धनमायालाई समाजले 'पोइ टोकुवी' जस्तो शब्दले सम्बोधन गरेको घटनालाई सामाजिक नैतिक अपराध मान्न सकिन्छ।
- अभीष्टको खोज उपन्यासमा डाक्टरले अनैतिक रूपमा शान्तिको पेटमा रहेको भ्रूणको हत्या गरिदिनुलाई भारतीय विधानशास्त्रका आधारमा कानुनी अपराध मान्न सकिन्छ।
- हिंसा, हत्या, लुट, बलात्कार, घुसखोरी, अनैतिक यौन सम्बन्ध, भ्रष्ट नोकरसाही जस्ता विषयहरूको चित्रण भएकाले द्रोह उपन्यासलाई अभीष्टको खोज उपन्यासका तुलनामा अझ सशक्त अपराध आख्यान हो भन्न सकिन्छ।
- द्रोह उपन्यासमा रिधाङ बोजेक मिलन समाजका साधारण मानिसहरूलाई विधायक विचारलालको आदेशमा पुलिस प्रशासनले बारम्बार मानसिक यातना दिएको प्रत्युत्तरमा पुलिस दललाई बाँधेर राखेको घटनालाई कानुनी अपराध मान्न सकिन्छ।
- द्रोह उपन्यासमा गरिबी, भोक र शोकले ग्रसित भएर रिधाङ बोजेकका धेरै मानिसले खोलामा हाम फालेको प्रसङ्गले यसको कथावस्तुलाई अपराध आख्यानको लहरमा पुऱ्याउन सफल भएको देखिन्छ।
- द्रोह उपन्यासमा कानुनी रोमाञ्चकारी अपराध आख्यानमा झैँ संवाद पनि प्रस्तुत गरिएको छ। यस उपन्यासमा पुलिसले पक्राउ गरेका चारजना अभियुक्तका पक्षमा दार्जिलिङबाट आएको उकिलले पुलिसलाई जमानतका निम्ति आवेदन दिँदा प्रस्तुत गरेका तर्कहरूलाई यसको दृष्टान्त मान्न सकिन्छ।
- विद्रोह उपन्यास सिक्किममा प्रजातन्त्र आएर पनि सिक्किमवासी राजतन्त्रकालीन व्यवस्थामा झैँ बाँच्नु पर्ने कुरालाई याथार्थिक रूपमा प्रस्तुत गरिएको छ। यसरी नै दार्जिलिङको अस्तित्व र माटोको आन्दोलनको प्रसङ्ग राख्दै स्थानीय सरकारले दार्जिलिङवासीलाई युगौँ युग शोषण गरेको र दशनामी देश (भुटान) मा नेपालीहरूले रातारात देश छोडेर भाग्नुपरेको राजनैतिक अपराधलाई उपन्यासमा आधिकारिक रूपमा प्रस्तुत गरिएकाले यसले अपराधको भूगोल विस्तारित गरेको छ।

- विद्रोह उपन्यासमा वर्णित हत्या सम्बन्धी प्रथम आपराधिक घटना थानवीर कटुवालकी छोरी प्रतिभाको हत्या र बलात्कार हो। यस घटनालाई उपन्यासमा पूर्वदीप्ति शैलीमा थानवीरको माध्यमबाट वर्णन गरिएको छ।

छैटौँ अध्यायका रूपमा रहेको **उपसंहार र निष्कर्ष** यस शोधप्रबन्धको अन्तिम अध्याय हो। उपसंहार अन्तर्गत यस शोधप्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको साररूप राखिएको छ भने निष्कर्ष अन्तर्गत प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा राखिएको छ। अध्ययनबाट निष्कर्षमा प्राप्त भएका मुख्य बुँदाहरू यसप्रकार छन् –

- भीम दाहाल समकालीन भारतीय नेपाली उपन्यास साहित्यका क्षेत्रमा परिचित नाम हो। उनको साहित्यिक रुचि प्रगतिवादी–अस्तित्ववादी धाराका साहित्यकारहरूका कृतिहरूको अध्ययन गर्नु रहेको पाइन्छ। उनी यसै धारा विशेषका कृतिहरूको बढी अध्ययन गर्ने व्यक्ति भएकाले यी लेखक साहित्यकारहरूको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव उनका प्रायः कृतिहरूमा पर्न गएको पाइन्छ।
- सिक्किममा नेपाली उपन्यासको क्षेत्रलाई बलियो बनाउने श्रेय भीम दाहाललाई जान्छ। बहुप्रतिभाशाली साहित्यकारका रूपमा परिचित दाहालले कथा, कविता, लेख-निबन्ध, आदि पनि लेखेका छन्। भीम दाहालको औपन्यासिक यात्रा अभीष्टको खोज उपन्यासबाट आरम्भ भएको हो।
- अपराध तत्सम शब्द हो। यसको शाब्दिक अर्थ लोकहित विरुद्धको काम गर्नु भन्ने हुन्छ। पूर्वीय धार्मिक शास्त्रहरूले धर्मको विरुद्ध कामलाई अपराध मानेका छन् भने यस्तो कार्य गर्ने व्यक्तिलाई अपराधीको संज्ञा दिइएको छ। साधारण रूपमा सामाजिक नीति नियम विरूद्ध काम गर्नु नै अपराध हो।
- अपराध मानव जातिमा आदिकालदेखि जन्मजात संस्कारको रूपमा आएको हो। आधुनिक कालमा आएर अपराधबारे अध्ययन चिन्तन विस्तृत रूपमा हुन थालेपछि मात्र अपराधबारे विविध जानकारी पाउन थालिएको हो तथापि अपराध मानवीय समाजमा सभ्यताको आदिकालदेखि थियो भन्ने अपराधशास्त्रीहरूको मत रहेको देखिन्छ र यो यथार्थ पनि हो। विश्वमा जनसङ्ख्या वृद्धिसँगै आपराधिक घटनाको वृद्धि पनि समाजमा हुँदै गरेको कुरा विद्वान्हरूले गरेका छन्। आज आएर अपराधको वैज्ञानिक

अध्ययन र यसको नियन्त्रण आवश्यक भएको छ। जनसङ्ख्या वृद्धि र सूचना प्रविधिको विकास र प्रसारले अपराध आजको विश्वको प्रमुख अङ्ग भइसकेको छ।

- अभीष्टको खोज, द्रोह र विद्रोह दाहालका तीनवटै उपन्यास अपराध आख्यान हुन्। राजनैतिक स्वार्थ, शोषण, दमन र चारित्रिक मनोविकारबाट निर्मित पात्रका माध्यमले उपन्यासमा जघन्य अपराधको श्रेणीमा राख्ने सकिने हत्या र बलात्कार जस्तो अमानवीय घटनाको वर्णन चित्रण गरिएकाले साथै राजनैतिक, नैतिक, सामाजिक, आर्थिक विविध प्रकारका अपराधमा उपन्यासका पात्रहरू, खुलस्त होस् वा छद्म रूपमा, लिप्त भएकाले उनका उपन्यासलाई अपराध आख्यान मान्न सकिन्छ।